# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।२९ गते ।

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

विशेष अदातलमा दर्ता भएको मुद्दा नं. ०८१-CR-०११८ मा वादी नेपाल सरकार प्रतिवादी चन्द्र बहादुर अधिकारीसमेत भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा सरकारी साक्षी सुमित्रा कुमारी घिमिरे पुडासैनीले आयोगमा अनुसन्धान अधिकृत समक्ष गरेको बयान कागज तथा आरोप मागदाबीको प्रतिकूल हुने गरी बकपत्र गरेको भन्नेसमेत बेहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादी चन्द्र बहादुर अधिकारीसमेत भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतलाई सहयोग गरेको कारण भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण रुपमा छुट दिई सरकारी साक्षीका रुपमा प्रस्तुत गरिएका जिल्ला गोरखा, बारपाक सुलिकोट गाउँपालिका वडा नं. ७ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, चन्द्रागिरी नगरपालिका वडा नं. ५ बस्ने प्रतिवादी निज सुमित्रा कुमारी घिमिरे पुडासैनीले विशेष अदालत, काठमाडौंमा मिति २०८३।०१।०९ गते बकपत्र गर्दा आयोगमा अनुसन्धानको क्रममा गरेको बयान तथा आरोप मागदाबी व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टि भएकोले प्रतिवादी चन्द्र बहादुर अधिकारीले लिएको घुस/रिसवत बापत प्राप्त गरेको रकमको चेक सुमित्रा कस्मेटिक एण्ड फेन्सिको नाममा काटिएको र उक्त कस्मेटिकका सञ्चालक प्रतिवादी सुमित्रा कुमारी घिमिरे पुडासैनीलाई दिएको देखिएको, सो चेक प्राप्त गरेपश्चात निजले सटहीको लागि बैंकमा गएको र उक्त चेक सटही नभएपछि चेक फिर्ता दिएको देखिंदा उक्त कार्य घुस/रिसवत लिई भ्रष्टाचार गर्ने कार्यमा मद्दत गरेको कार्य कसूर (Actus Reus) भएकोले निज प्रतिवादी सुमित्रा कुमारी पुडासैनीको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि भएकोले बिगो रू.५०,००,०००।- (पचास लाख रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (२) ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिबाना हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने